# विदुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## विदुर, नुवाकोट

## बागमती प्रदेश, नेपाल

(चौथौ पटक प्रकाशित मिति २०७९/०५/२९)

**(E-biding only)**

**आ.व. २०७९/०८० को लागि ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, स्लेट, खरिढुंगा, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको उत्खनन्, संकलन, आन्तरिक बिक्री तथा बाह्य कर र कवाडी तथा अन्य सामाग्रीको निकासी कर, दस्तुर उठाउने ठेक्का वन्दोवस्तीको लागी बोलपत्र आव्हानसम्बन्धी १५ दिने सूचना ।**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ उपदफा २ घ (६) तथा सार्वजनिक खरिद ऐन तथा नियमावली, आर्थिक कार्यविधी ऐन/नियमावली, ढुंगा गिट्टि तथा वालुवा उत्खनन, विक्रि तथा व्यवस्थापन सम्वन्धि मापदण्ड २०७७ मा भएको व्यवस्था वमोजिम बोलपत्र कागजातमा तोकिएको स्थान र परिमाण भित्र रही नगर पालिकाभित्र रहेका नदि, खोला, खानी, क्रसर र वालुवा प्रशोधन उद्योगबाट उत्पादन हुने सवै खाले ढुंगा गिट्टि, तथा प्रशोधित तथा अप्रशोधित वालुवा,गाभेल, दहत्तर, वहत्तर, कवाडी, इट्टा, माटो, व्लक, काठ, लगायतका नदिजन्य, खानीजन्य तथा निमार्णजन्य सामाग्री र कवाडी सामानको आर्थिक बर्ष २०७९/२०८० का लागि ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, वा कम्पनीहरुले तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि वोलपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | विवरण शिर्षक | वार्षिक उत्खनन परिमाण (घ.फी.) | कुल न्यूनतम कबोल अंक (मु.अ.क. बाहेक) | धरौटि रकम | बोलपत्र दस्तु रु |
|---|---|---|---|---|---|
| BM/NCB/Revenue/02-2079-080 | विदुर नगरपालिकाको क्षेत्राधिकारमा रहेको त्रिशुली, तादी, फलाखु, सलाखु, सामरी, गेर्खु नदी/ खोलाहरु तथा अन्यआसपासका क्षेत्र भित्र हाल सञ्चालित खानीहरुबाट संकलन र विक्रि हुने गरि ढुंगा, गिट्टि, इट्टा,काठ, वालुवा, ग्रावेल, स्लेट ढुंगा, ब्लक, ह्युमपाइप, रिङ, माटो, सिमेन्ट टायल आदि नदी जन्य तथा खानीजन्य पदार्थहरु, कवाडी र व्यावसायिक प्रयोजनका लागि व्यक्तिले आफ्नो स्वामित्वको जग्गा खार्न/सम्याउन नगरपालिकाबाट अनुमति लिएको अवस्थामा सो स्थान बाट निस्कने निर्माणजन्य सामग्रीको कर संकलन, कर असुल गर्ने । | ६८६५२९१.९८ | ६२८०००००।०० | कवोल अंकको ५ प्रतिशत | ५,०००/- |

अधिकृत

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
वागमती प्रदेश, नेपाल
२०७३

**शर्तहरु**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, आ व ०७७/०७८ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु र व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणित प्रतिलिपी समेत र वोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगद तिरेको रसिद वा नेपाल बैकं लि शाखा कार्यालय त्रिशुलीमा रहेको यस कार्यालयको खाता नं.०२६०३०००००१००१००००४ मा (फिर्ता नहुने गरी) नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सुचना चौथो पटक प्रकाशन भएको मितिले १६ औ दिनको १२ बजे भित्र बिद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साइट www.bolpatra.gov.np/egp बाट बोलपत्र सम्बन्धित कागजातहरु अपलोड गनुपर्नेछ । बोलपत्र सूचना र कागजात नगरपालिकाको वेभसाइट www.bidurmun.gov.np बाट पनि हेर्न र डाउनलोड गर्न सकिनेछ।

२ तोकिएको वोलपत्र दस्तुर यस कार्यालयमा नगद तिरेको रसिद वा यस कार्यालयको नेपाल बैक शाखा कार्यालय त्रिशुलीमा रहेको आन्तरिक राजश्व खाता नं..०२६०३०००००१००१००००४ मा (फिर्ता नहुनेगरी) जम्मा गरेको भौचरलाई वोलपत्र सम्वन्धि कागजात साथ संलग्न गर्नु पर्नेछ ।

३.वोलपत्र सम्वन्धि फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

४.आफुले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटि रकम यस कार्यालयको नेपाल बैक लि. शाखा कार्यालय त्रिशुलीमा रहेको धरौटी खाता नं.०२६०३००००००३०००००००४ मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको वोलपत्र नं. र कामको विवरण उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिनको म्याद भएको विड वण्ड बोलपत्र कागजात साथ पेश गर्नु पर्नेछ।

५.वोलपत्रदाताले बोलपत्र कागजातको प्रत्येक पानामा सहिछाप गर्नुपर्नेछ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्म वा संस्थाका नामबाट पेश गर्न पाइने छैन।

७. रितपुर्वक पर्न आएका वोलपत्रहरु बोलपत्र दाखिला गर्ने अन्तिम दिनको २ बजे नगरपालिकाको कार्यालयमा खोलिने छ। वोलपत्रदाता वा निजका प्रतिनिधिहरुको उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।

८.प्रि विड बैठक यो सुचना प्रकाशित भएको मितिले ७ औ दिनमा दिनको १२ वजे विदुर नगरपालिकाको कार्यालयमा हुनेछ। इच्छुक वोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई वा कार्यालयको राजस्व शाखाबाट यस सम्वन्धि विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ।

९.वोलपत्र सम्बन्धि विस्तृत जानकारी वोलपत्र सम्वन्धि फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१०.म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

प्रमुख प्रशासकिय अधिकृत

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

११. स्वीकृत बोलपत्रदाताले आफुले कबोल गरेको अंक एकमुष्ट बुझाउन चाहेमा कबोल अंकमा १० प्रतिशत छुट दिन सकिनेछ । तर यस्तो छुट रकम सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सम्झौताका लागि तोकिएको मिति भित्र सम्झौता गरेको अवस्थामा मात्र लागु हुनेछ । मुल्यअभिवृद्धि कर कबोल अंक पुरैमा लाग्नेछ ।

१२. बोलपत्रदाताले किस्ताबन्दीमा रकम बुझाउन चोहमा प्रथम किस्ता बापत कबोल अंकको कम्तीमा ५० प्रतिशत रकम र मु.अ.कर समेत सम्झौता गर्दाको बखत अनिवार्य बुझाउनु पर्नेछ ।, बाकी ५० प्रतिशत रकमको हकमा ( मु.अ.क. समेत) नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैकबाट जारी गरिएको सम्झौताको मितिले कम्तीमा १२० दिन मान्य अवधि भएको बैक जमानत पेश गरेपछि मात्र ठेक्का सम्झौता गरिनेछ । मु.अ.करमा छुट सुविधा हुनेछैन ।

१३ नियमानुसार नेपाल सरकारलाई वुझाउन पर्ने आयकर तथा अन्य कर वोलपत्रदाताले छुट्टै वुझाउन पर्नेछ ।

१४ नियमानुसार तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटि जफत गरी कानुन बमोजिम प्रक्रिया अगाडी बढाइनेछ ।

१५. उठाइने करका दरहरु बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।

१६. कुनै पनि परिस्थितीजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

१७. विदुर नगरपालिका र वोलपत्रदाता विचमा क्षेत्राधिकारका विषयमा विवाद उत्पन्न भएमा आपसी समझदारीमा समाधान गरिनेछ आपसी समझदारीमा समाधान नभएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१८.नगरपालिका र वोलपत्रदाता बीच सम्झौता भएको मिति देखि सम्झौता कार्यान्वयन भएको मानिनेछ ।

१९.यस नगरपालिकाका नदिहरुको तथा खानीहरुको उत्खनन् क्षेत्र र उत्खनन परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४,यस नगरपालिका बाट जारी भएका कानुन, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ । साथै नदि तथा खोलाहरुको हकमा यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन, खानीहरुको हकमा खानी तथा भुगर्भ विभाग वाट स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र वोलपत्र फाराममा भएका विषयहरु यस वोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

२०. यस सुचना र बोलपत्र कागजातमा उल्लेख भएका विषय यसै सुचना र बोलपत्र कागजात वमोजिम हुने र उल्लेख नभएका विषयहरु प्रचलित संघिय, प्रदेश तथा स्थानीय कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

विदुर नगरपालिका

प्रमुख प्रशासकिय अधिकृत